# दोर्दी खोला जलविद्युत कम्पनी लिमिटेडको

## आ.व.२०७०/७१ को साधारण सभा

### काम कारवाहीको विवरण

(माइन्यूट)

आज मिति २०७१ साल पौष महिना २९ गतेका दिन १:३० बजे का.जि.का.म.न.पा वडा नं. १० इन्द्रेणी कम्प्लेक्स, बानेश्वरमा यस दोर्दी खोला जलविद्युत कम्पनी लिमिटेडको पाचौ वार्षिक साधारण सभाको बैठक संचालक समितिका अध्यक्ष श्री डिकेन्द्र राज कडेल ज्यूको अध्यक्षतामा देहायका विषयहरु उपर छलफल गरी देहाय बमोजिम निर्णय भयो।

क) उपस्थिति

| | |
|---|---|
| १. डिकेन्द्र राज कडेल | अध्यक्ष |
| २.विनय भण्डारी | प्रबन्ध सचालक |
| ३.बसन्त राज राउत | संचालक |
| ४.दिपेन्द्रलाल कर्ण | सचालक |
| ५.हरीकान्त खनाल | सचालक |
| ६.अजय श्रेष्ठ | प्रतिनिधि कम्पनी सचिव |

ख) शेयरधनीहरुको उपस्थिति

१ स्वयम उपस्थितहुने शेयरधनीको संख्या: ३

२ प्रतिनिधिपत्र मार्फत उपस्थितहुने शेयरधनी संख्या: २

३.जम्मा उपस्थित संख्या: ५

ग) गणपूरक संख्या

आजको यो सभा वैधानिक भए नभएको तर्फ छलफल गर्दा कम्पनी ऐन बमोजिम शेयरधनीको गणपूरक संख्या पुरा भई सभाको वैधानिकता पुरा भएकोले सभाको कारवाही अगाडी बढाउन अध्यक्ष ज्यूले निर्देशन दिनुभयो।

(घ) छलफलको विषयहरु :

१. आ.व. २०७० ७१ को संचालक समितिको तर्फबाट अध्यक्षको प्रतिवेदन पारित गर्ने बारे।

२. आ. व २०७० ७१ को लेखापरिक्षकको प्रतिवेदन पारित गर्ने बारे।

३. आ. व २०७१ ७२ का लागि लेखापरिक्षकको नियुक्ति र पारिश्रमिक तय गर्ने बारे।

४. विविध।

(ङ) छलफल तथा निर्णयहरु :

**प्रस्ताव नं १**

अध्यक्ष ज्युले उपस्थित सबै शेयरधनी महानुभावहरुलाई स्वागत एवं अभिवादन गर्दै निर्धारित छलफलको विषयसूची अनुसार आ.व २०७० ७१ को अध्यक्ष ज्युको प्रतिवेदन सभामा पढेर सुनाउनु भयो र सो को छलफल र स्वीकृतिको लागि सबै शेयरधनी सामु पेश गर्नु भयो । सो माथि छलफल र विचार मै, अध्यक्षज्युले पेश गर्नु भएको प्रतिवेदन सर्वसम्मति बाट अनुमोदन गरि पारित गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं २**

डि.एन.शाह एण्ड एशोसिएट्सका श्री डि.एन.शाह लेखापरीक्षकले तयार पारेको आ. व २०७० ७१ को प्रतिवेदन वार्षिक साधारण सभामा स्वीकृतिका लागि पेश गरियो ।

लेखापरीक्षकले पेश गरेको आ. व २०७० ७१ को प्रतिवेदन माथि छलफल मै उक्त प्रतिवेदनको जिज्ञासा निर्णय नं १ ले नै समेटिसकेको भन्दै सबै शेयरधनीद्वारा सर्वसम्मत बाट अनुमोदन गरि पारित गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं ३**

कम्पनीको आर्थिक वर्ष २०७१ ७२ को लागि लेखापरीक्षक नियुक्ति गर्ने पारिश्रमिक तय गर्ने प्रस्ताव बैठक समक्ष राख्नु भयो ।

अध्यक्ष ज्युद्वारा कम्पनीको आर्थिक वर्ष २०७१ ७२ का लागि डि.एन.शाह एण्ड एशोसिएटसका श्री डि.एन.शाहलाई लेखापरीक्षक नियुक्तिगर्ने र निजको पारिश्रामिक रु.१९०००.०० (कर बाहेक) हुने प्रस्ताव बैठक साम पेशगर्न भयो ।

छलफल र विचार पश्चात, सबै शेयरधनीहरु द्वारा सर्वसम्मतमा, डि.एन.शाह एण्ड एशोसिएट्सका श्री डि.एन.शाहलाई आर्थिक वर्ष २०७१ ७२ को लेखापरीक्षक नियुक्ति गरि निजको पारिश्रामिक रु.१९,०००.०० (कर बाहेक) हुने प्रस्ताव पारित गरियो ।

तत्पश्चात अध्यक्ष ज्युले सभा सञ्चालन गर्न सभामा उपस्थित शेयरधनीहरुबाट प्राप्त सहयोगको लागि धन्यवाद ज्ञापन गर्नुका साथै सभा सफलतापूर्वक सम्पन्न भएकोमा सबैलाई बधाई ज्ञापन गर्दै दिनको १ बजे सभा विसर्जन गर्नुभयो ।

For अजय श्रेष्ठ
श्री गान्धि पण्डित
कम्पनी सचिव

श्री डिकेन्द्र राज कडेल
अध्यक्ष